# लिम्चुङबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर
प्रदेश न.१, नेपाल

## सिलवन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०८/२२

यस कार्यालयद्धारा स्वीकृत बार्षिक कार्यक्रम बमोजिम तपसिल अनुसारका सामग्री खरिद कार्य गर्नु पर्ने भएकोले इच्छुक तथा इजाजत प्राप्त विक्रेता/कम्पनी/फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

**शर्तहरु :**

१. दरभाउपत्र खरिदको लागि फारम दस्तुर बापत रु.१,०००।-(अक्षरुपी रु. एक हजार मात्र) (प्रत्येक कामको छुट्टा छुट्टै दस्तुर) यस कार्यालयको नेपाल एस.बि.आई बैकको शाखा कार्यालय लिम्चुङबुङमा रहेको **ग:१.१ आन्तरिक राजस्व खाता नं.४३२९५२४१२०७००४** मा नगद जम्मा गरी सो को सक्कल रसिद सहित आपूर्ति गर्नुपर्ने सामग्री सम्बन्धि कारोबार गरिरहेको विक्रेताको फर्म दर्ता प्रमाण पत्रको प्रति, व्यवसाय दर्ता इजाजत पत्र (नविकरण सहित), स्थायी लेखा नं.(PAN) र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, गत आ.व. सम्मको कर चुक्ता गरेको प्रमाण पत्र वा कर विवरण पेश गरेको कागजातहरु अनिवार्य पेश गर्नु पर्ने छ ।

२. खरिद गरिएका दरभाउपत्रहरु प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन अपरान्ह १२:०० बजे भित्र दर्ता गरिसक्नु पर्नेछ । तोकिएको मिति तथा समय भन्दा पछि बुझाएको दरभाउपत्र स्विकार गरिने छैन ।

३. बोलपत्रदाताले उक्त सामान यस कार्यालयमा आफै ढुवानी गरी ल्याउनु पर्नेछ ।

४. दर्ता गर्न ल्याईएका दरभाउपत्र (परिमाणको मूल्य पत्र समेत) को सिलवन्दी खाममा दरभाउपत्र सि.नं.,ठेक्का नं., कामको नाम, विक्रेता/कम्पनी वा अधिकृत डिलरको नाम र ठेगाना स्पष्ट संग लेखिएको हुनुपर्नेछ ।

५. दरभाउपत्र साथ यस कार्यालयको नेपाल एस.बि.आई बैकको शाखा कार्यालय लिम्चुङबुङमा रहेका धरौटी खाता **नं.४३२२५२४०६०००००३** मा तपसिलमा उल्लेखित रकम जम्मा गरेको सक्कल भौचर वा कम्तिमा ७५ दिनको म्याद भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त "क" वर्गको बैंकबाट जारी गरिएको "विडवण्ड" संलग्न भएको हुनुपर्ने छ ।

६. परिमाणको मूल्य पत्रमा तोकिए अनुसार दर रेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनुपर्नेछ ।

७. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन क्रमश: दरभाउपत्र खरिद गर्न, दाखिला गर्ने र खोलिनेछ ।

८. दरभाउपत्रमा माग गरिएको परिमाण थपघट गर्ने,दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृती गर्न सम्पुर्ण अधिकार यस कार्यालयमा रहनेछ ।

९. अन्य जानकारीको लागि ९८५२८२९१०१ वा ९८१७३४३६०९ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

१०. आपूर्ति गर्नुपर्ने सामग्री सम्बन्धी आवश्यक जानकारी यस गाउँपालिकाको वेव साईट *www.limchungbungmun.gov.np* मा हेर्न सकिने छ ।

**तपसिल**

| सि.न. | ठेक्का नं. | आपूर्ति गर्नुपर्ने सामग्रीको विवरण | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| १. | LRM/SQ/Goods/13/2078-079 | 1. Electronic Items | रु.५०,०००।- | |
| २. | LRM/SQ/Goods/14/2078-079 | 2. Furniture Items | रु.१०,०००।- | |
| ३. | LRM/SQ/Goods/15/2078-079 | 3. Stationary Items | रु.२५,०००।- | |

**टार्जन कुमार लिम्बु**
**प्रमुख प्रशासकिय अधिकृत**